**DOI:** https://doi.org/10.3126/phe.v16i1. 96847

# आइमाई साथी निबन्धमा अन्तरपुस्तीय सांस्कृतिक–द्वन्द्व

**अशोक थापा**
नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय
Email: kazithapa@gmail.com
Orcid: https://orcid.org/0009-0004-5743-742X

**Received: March 3, 2026** **Accepted: May 25, 2026** **Publication: June 10, 2026**

## लेखसार

आइमाई साथी निबन्धकार श्यामप्रसाद शर्माको लैङ्गिक मित्रताको प्रश्नलाई केन्द्रमा राखिएको समाजमा व्याप्त अन्तरपुस्तीय द्वन्द्वलाई उजागर गर्ने एक निबन्ध हो । परम्परागत मूल्यमान्यता र उदीयमान आधुनिक चेतनाबीचको सांस्कृतिक टकरावलाई यस निबन्धले कसरी प्रतिबिम्बित गर्दछ भन्ने प्रश्न यस अनुसन्धानमूलक लेखको केन्द्रीय समस्या हो । पाठकेन्द्रित विश्लेषणात्मक विधि अपनाइएको प्रस्तुत लेखमा कार्ल म्यानहाइमको पुस्तागत चेतना, एन्थोनी गिडेन्सको परम्पराको पुनर्मूल्याङ्कन, सिमोन द बोउवारको लैङ्गिक निर्माण, एन्टोनियो ग्राम्सीको सांस्कृतिक वर्चस्व, होमी भाभाको हाइब्रिडिटी, बेनेडिक्ट एन्डर्सनको कल्पित समुदाय तथा वाल्टर बेन्यामिनको समयचेतनाजस्ता बहुविध सैद्धान्तिक परिप्रेक्ष्यको समन्वयात्मक प्रयोगद्वारा निबन्धका विभिन्न आयामको व्याख्या गरिएको छ । यस लेखबाट प्रस्तुत निबन्धमा परम्पराविरुद्ध आधुनिकता, राजनीतिक चेतना, लैङ्गिक असमानता, सांस्कृतिक विरोधाभास, प्रगतिशीलताको सीमा, जातीयभौगोलिक चेतना र समयदृष्टिजस्ता पुस्तान्तरीय टकरावको सशक्त चित्रण कस्तो रूपमा भएको छ भनी विवेचना गरिएको छ । प्रगतिशील पुरुषको सिद्धान्त र व्यवहारबीचको विरोधाभास निबन्धको सबभन्दा तीखो सांस्कृतिक आलोचना बनेको छ । अतः यस लेखमा के प्रमाणित भएको छ भने पुस्तान्तर भनेको केवल जैविक उमेरको भिन्नतामात्र नभई विचार, चेतना र व्यवहारको बहुआयामिक भिन्नता हो । शर्माको निबन्ध नेपाली सामाजिक सांस्कृतिक इतिहासको एक महत्त्वपूर्ण साहित्यिक दस्तावेज भएकाले यसको पुस्तान्तरीय विश्लेषण समकालीन समाजका लागि समेत प्रासङ्गिक रहन्छ ।

**शब्दकुञ्जी :** अन्तरपुस्ता, पुस्तान्तर, प्रगतिशीलता, लैङ्गिकता, संस्कृति ।

## विषयपरिचय

निबन्ध (नि+बन्ध) व्यवस्थित, तार्किक र सुसङ्गत प्रस्तुति भएको साहित्यिक विधा हो जसले निश्चित विषयलाई प्रमाण र सन्दर्भका आधारमा विश्लेषण गर्दछ । निजात्मक पक्षबाहेक यसमा व्यक्तिगत विचारभन्दा बढी तथ्य, तर्क, उद्धरण र सैद्धान्तिक आधारलाई प्राथमिकता दिइन्छ। अधिकांश साहित्यमा एउटा पुस्ता र अर्कोबीचको विकसित सम्बन्धलाई प्रतिबिम्बित गरिएको हुन्छ। पुस्तान्तरले विभिन्न उमेर समूहका मानिसबीचको मनोवृत्ति, मूल्यमान्यता, जीवनशैली र विश्वदृष्टिकोणमा रहेको भिन्नतालाई

जनाउँछ । आमाबाबु र बच्चाहरूबीच, पुराना नेता र युवानेताका बीच यो चलिरहन्छ । यो अन्तर केवल जैविकमात्र होइन बरु सांस्कृतिक, सामाजिक र वैचारिक पनि हुनेगर्दछ। साहित्यमा प्रायः यसले द्वन्द्व, चरित्रविकास र विषयगत गहिराइको समृद्ध स्रोतको रूपमा काम गर्दछ । प्रगतिवादी प्रवृत्तिका प्रतिनिधि साहित्यकार श्यामप्रसाद शर्मा (१९८६- २०७४) ले सीमित औपचारिक शिक्षा (कक्षा १० सम्म) का बाबजुद पनि आत्मपरक, राष्ट्रवादी चेतना र प्रगतिशील स्वरका निबन्धलेखनमार्फत नेपाली साहित्यमा विशिष्ट स्थान निर्माण गरेका छन् । आरम्भमा *तँ-तिमी, तपाइँ-हजुर* (२०१४) र पछि *साझा निबन्धसङ्ग्रह* (२०७६) मा समेटिएको आइमाई साथीमा लैङ्गिक मित्रताको प्रश्नलाई केन्द्रीय विषय बनाइएको छ । उनले संस्मरणात्मक शैलीमा रुढिवाद, सामन्ती मानसिकता, अशिक्षा र चेतनाको अभावलाई पुरुषमहिला मित्रताको अवरोधका रूपमा चिनाएका छन् । शिक्षा, स्वास्थ्य र सामाजिक व्यवहारमा समान अवसर सुनिश्चित गर्न परम्परागत घेरा भत्काउँदै सिद्धान्त र व्यवहारको द्वैधता अन्त्य गर्नु अपरिहार्य ठहरिन्छ भन्ने भाव यस निबन्धमा देखिन्छ (अधिकारी, *समकालीन साहित्य अनलाइन*, (ई. २०२२) । वैचारिक गहनताकै कारण यो निबन्ध लोकप्रिय भएको मानिन्छ । आइमाई साथी निबन्ध नेपाली शैक्षिक संस्थाका विभिन्न तहका पाठ्यक्रममा समाविष्ट भई दीर्घकालदेखि अध्ययनअध्यापन हुँदैआएको एक महत्त्वपूर्ण धरोहरमूलक रचना हो । यसलाई प्रगतिशील चेतना, निबन्धका विधागत तत्त्व, वैचारिक संरचना तथा लैङ्गिक दृष्टिकोणजस्ता कोणबाट छिटफुट रूपमा अध्ययन विश्लेषण गरिए तापनि यसभित्र अन्तर्निहित पुस्ताद्वन्द्व अथवा अन्तरपुस्तीय टकरावको आयामलाई केन्द्रमा राखेर सम्यक् अध्ययन भएको पाइँदैन । यही अनुसन्धानरिक्ततालाई पूर्ति गर्ने उद्देश्यले प्रस्तुत लेख अनुसन्धेय विषयका रूपमा अघि सारिएको हो ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमूलक लेखमा निगमनविधि अपनाइएको छ। यसमा पुस्तान्तर, परम्परा र आधुनिकता, लैङ्गिक सोच, सांस्कृतिक वर्चस्व र समयचेतनासम्बन्धी स्थापित पाश्चात्य सैद्धान्तिक मान्यता म्यानहाइम, गिडेन्स, ग्राम्सी, बोउवार, भाभा, एन्डर्सन र बेन्यामिनका अवधारणाहरू निर्धारण गरी त्यसका आधारमा शर्माको आइमाई साथी निबन्धको विश्लेषण गरिएको छ। यसमा पुस्तकालयकार्यबाट आवश्यक सामग्रीसामग्रीसङ्कलन गरिएको छ। पूर्वमुद्रित ग्रन्थ (*साझा निबन्धसङ्ग्रह*), अनुसन्धानपत्र र साहित्यिक सङ्कलनबाट थप सामग्रीसङ्कलन गरिएको छ। विश्लेषणको क्रममा वर्णनात्मक एवम् व्याख्यात्मक विधिको प्रयोग गरिएको छ। निबन्धका विभिन्न प्रसङ्ग र उद्धरणको सैद्धान्तिक सन्दर्भमा विस्तृत व्याख्या र विमर्श गरिएको छ।

## सैद्धान्तिक पर्याधार

पुस्तागत टकराव भनेको एउटा उमेर समूह र अर्कोबीचको सङ्घर्ष हो। समाजशास्त्रीय दृष्टिकोणबाट यस अवधारणालाई प्रतिपादन गर्ने प्रमुख विद्वान्मा कार्ल म्यानहाइमको नाम आउँछ । म्यानहाइमले आफ्नो निबन्धसङ्ग्रहमा पुस्ता भनेको केवल जैविक उमेरको समूह नभएर साझा ऐतिहासिक र

सांस्कृतिक अनुभव बाँडेको सामाजिक एकाइ हो भनी तर्क गर्दछन् । उनका अनुसार एउटा पुस्तामा साझा 'पुस्तागत चेतना' (जेनेरेसनल कन्सियसनेस) उत्पन्न हुन्छ जसले त्यस पुस्ताका सदस्यलाई एकै प्रकारको सामाजिक परिवर्तनप्रति एकनासको प्रतिक्रिया गर्न प्रेरित गर्दछ (म्यानहाइम, १९५२, पृ. २७६) । फलतः साहित्यको सन्दर्भमा पुस्तान्तर र यसबीचको टकराव विश्लेषणको एउटा पक्ष हो । पुस्तागत टकरावकै सन्दर्भमा परम्पराविरुद्ध आधुनिकताको सवाल पनि जबर्जस्त देखा पर्दछ । परम्परा र आधुनिकताबीचको तनावलाई बुझ्न एन्थोनी गिडेन्सको 'परम्पराको पुनर्निर्माण' (रिइन्भेन्सन अफ टेड्रिसन) को अवधारणा अत्यन्त उपयोगी छ । गिडेन्सले *'मोडर्निटी एन्ड सेल्फ आइडेन्टीटी'* ग्रन्थमा के तर्क गर्दछन् भने आधुनिक समाजमा परम्परा पूर्णतः लोप हुँदैन बरु त्यसको 'पुनर्मूल्याङ्कन' हुन्छ । केही परम्परालाई नयाँ पुस्ताले अस्वीकार गर्दछ र केहीलाई रूपान्तरण गर्दछ र केहीलाई नयाँ रूपमा आत्मसात् गर्दछ (गिडेन्स, १९९१, पृ.३५) भनेका छन् । समाजमा यो निरन्तर चलिरहन्छ । पुस्ताद्वन्द्वका सन्दर्भमा राजनीतिक चेतना र पुस्तान्तरलाई जोड्न इटालियन मार्क्सवादी विचारक एन्टोनियो ग्राम्सीको 'सांस्कृतिक वर्चस्व' (कल्चरल हेजिमोनी) र 'जैविक बुद्धिजीवी' (अर्ग्यानिक इन्टेलक्चुअल) को अवधारणा सान्दर्भिक छ । ग्राम्सीका अनुसार समाजपरिवर्तनको लागि 'जैविक बुद्धिजीवी' अर्थात् आफ्नै समूहबाट उदाएर जनतासँग सिधा जोडिने चिन्तक आवश्यक हुन्छन् (ग्राम्सी, १९७१, पृ. ५) । यसले पुस्ताद्वन्द्वको कारक राजनीतिक आस्थाको फरकपन पनि एक आधार हो भन्ने बताउँछ ।

पुस्तान्तरको सवालमा लैङ्गिक सोचको पनि उत्तिकै भूमिका रहन्छ । यसका लागि सिमोन द बोउवारको *द सेकेन्ड सेक्स* आधारभूत ग्रन्थ हो । उनलेले 'नारी जन्मिन्न, नारी बनिन्छे' भन्ने आफ्नो सुप्रसिद्ध थेसिसमार्फत के तर्क गर्छिन् भने नारीको बहिष्करण जैविक होइन सामाजनिर्मित हो (बोउबार, १९८९, पृ. २७६) । लैङ्गिक दृष्टिले प्रत्येक नवीनपुस्तामा उदारपन देखिए पनि कतिपय सन्दर्भमा आजको पुस्तामा पनि विशाक्त प्रकृतिको चिन्तन देखिन्छ । सांस्कृतिक चिन्तन र प्रगतिशीलताको बीचको विरोधाभासलाई बुझ्न उत्तरऔपनिवेशिक सिद्धान्तकार होमी भाभाको 'हाइब्रिडिटी' (वर्णसङ्करता) र 'परस्पर विरोधी सोचको सृजना' (एम्बीभेलेन्स) को अवधारणा सहायक छ । भाभाले *'लोकेसन अफ कल्चर'* ग्रन्थमा के तर्क गर्दछन् भने उपनिवेशवादको प्रभावमा परेका समाजमा 'न पूर्ण परम्परागत, न पूर्ण आधुनिक' खालको सांस्कृतिक सङ्करता उत्पन्न हुन्छ जसले विचार र व्यवहारमा द्विधाग्रस्त स्थितिको सृजना गर्दछ (भाभा, १९९४, पृ. ८५) । सांस्कृतिक चिन्तन र प्रगतिशीलताको बीच देखिने विरोधाभासलाई स्थिर द्वन्द्वका रूपमा होइन बरु ऐतिहासिक, सामाजिक र शक्तिसम्बन्धले निर्माण गरेको गतिशील तथा द्विधाग्रस्त सांस्कृतिक अवस्थाका रूपमा बुझ्न मार्गदर्शन प्रदान गर्दछ ।

जातीयता र भौगोलिक विविधताको प्रश्नमा बेनेडिक्ट एन्डर्सनको - 'कल्पित समुदाय' (इम्याजिन्ड कम्युनिटी) को अवधारणा महत्त्वपूर्ण छ । एन्डर्सनका अनुसार राष्ट्र भनेको मानिसले कल्पनाद्वारा निर्माण गरेको समुदाय हो जसमा सदस्यहरूले एकअर्कालाई व्यक्तिगत रूपमा नचिने पनि साझा पहिचान अनुभव गर्दछन् (एन्डर्सन, १९८३, पृ. ६) । कल्पित समुदायको अवधारणाले के देखाउँछ भने जातीयता

र भौगोलिक विविधताबीच पनि राष्ट्रको एकता वस्तुगत समानताभन्दा बढी साझा कल्पना, अनुभूति र प्रतीकात्मक पहिचानको आधारमा निर्माण र पुनर्निर्माण हुने प्रक्रिया हो । पुस्ताद्वन्द्वका सवालमा समयचेतनाको महत्त्वबारे वाल्टर बेन्यामिनको 'अहिलेको-समय'को अवधारणा उपयुक्त छ । बेन्यामिनले *दिज अन द फिलोसफी बाइ फिलोसफी अफ हिस्ट्री* ग्रन्थमा के तर्क गर्दछन् भने क्रान्तिकारी चेतना भनेको रेखीय इतिहासको खण्डनद्वारा 'अहिलेको क्षण' मा अतीत र भविष्यलाई एकसाथ अनुभव गर्ने क्षमता हो ।

## आइमाई साथीमा अन्तरपुस्तीय सांस्कृतिक-द्वन्द्व

शर्माको आइमाई साथी निबन्ध एक चर्चित, प्रतिनिधिमूलक र उत्कृष्ट रचनाका रूपमा स्थापित छ । यो निबन्ध केवल स्त्रीपुरुष सम्बन्धको व्यक्तिगत अनुभवको सृजनामात्र नभएर तत्कालीन नेपाली समाजमा गहिरिँदै गएको पुस्तान्तरको द्वन्द्वको जीवन्त दृष्टान्त पनि हो । एकातिर सदियौँदेखि जरा गाडेर बसेका पुराना सामाजिक मूल्यमान्यता र संस्कार अर्कातिर शिक्षा, साहित्य र राजनीतिक चेतनाबाट जागृत भएको उदीयमान आधुनिक विचारधारालाई प्रगतिशील युवकको अनुभव यहाँ व्यक्त गरिएको छ । यहाँ निबन्धकार स्वयं यस पुस्तान्तरीय सङ्क्रमणकालका प्रतिनिधि पात्र बनेका छन् जसले परम्पराको दबाब झेल्दै पनि आधुनिक सामाजिक सम्बन्धको नयाँ परिभाषा खोज्ने साहस देखाउँछन् । यस अध्ययनमा परम्पराविरुद्ध आधुनिकता, राजनीतिक चेतना, लैङ्गिक दृष्टिकोण, सांस्कृतिक चिन्तन, प्रगतिशीलता, जातीयता र समयचेतनाजस्ता विविध आयामका आधारमा यस निबन्धको बहुआयामिक विश्लेषण प्रस्तुत गरिएको छ जसले यस रचनाको साहित्यिक तथा सामाजिक महत्त्वलाई थप उजागर गरेको छ ।

## परम्पराविरुद्ध आधुनिकता

निबन्धको केन्द्रीय द्वन्द्व परम्परागत समाज र आधुनिक मूल्यबीचको सङ्घर्ष हो । निबन्धकारले आफ्ना स्त्री साथीको सङ्ख्या 'सयकडा पाँचसम्म पनि पुग्न सकेन' (अर्याल, २०७६, पृ. १२७) भन्दै जुन चिन्ता व्यक्त गर्दछन् त्यो एउटा आधुनिक पुस्ताको चेतनाको अभिव्यक्ति हो जसले परम्पराले खिचेको 'कालो पर्खाल'लाई हटाउन चाहन्छ । परम्परागत पुस्ताले स्त्रीपुरुषको सहज सम्पर्कलाई 'अनैतिक' ठान्ने गर्थ्यो र गर्छ जबकि लेखक त्यसलाई सामाजिक आवश्यकताको रूपमा हेर्छन् । टुँडिखेलमा सँगसँगै हिँडिरहेकी युवतीसँग बोल्न नसक्दाको उकुसमुकुस भनेको परम्पराको भार बोकेको नयाँ पुस्ताको मनोवैज्ञानिक अवस्था हो । रुझिरहेकी युवतीले छाता अस्वीकार गर्दै 'चाहिँदैन हामीलाई कसैको छातासाता !' (अर्याल, २०७६, पृ. १३३) भन्नु र सिपाहीले भने सहर्ष स्वीकार गर्नु परम्परागत लैङ्गिक सामाजिकीकरणले कसरी फरकफरक व्यवहार उत्पन्न गर्दछ भन्ने कुराको ज्वलन्त उदाहरण हो । यस निबन्धमा परम्पराको विरुद्ध आधुनिकताको शङ्खघोष भएको छ ।  शङ्का नै पुरानो पुस्ता र नवीन पुस्ताको द्वन्द्वको कारक देखिन्छ । नयाँ पुस्ता स्त्रीपुरुषका बीचमा खुला मित्रता चाहन्छ । रुढीको घेरा तोड्न चाहन्छ । सामाजिक निगरानी रुचाउँदैन । समानता, सहकार्य, वैचारिक आदानप्रदानको पक्ष र खिलाप नै पुस्तागत टकरावको मूल कारक देखिन्छ । निबन्धमा परम्परागत नैतिकता र आधुनिक सहअस्तित्वको द्वन्द्व सतहमै देखिएको छ ।

## राजनीतिक चेतना र पुस्तान्तर

शर्माको यस निबन्धमा राजनीतिक चेतना एक अर्को आयाम बनेर आएको छ । उनी 'आफूलाई साहित्य र राजनीतितर्फ लागी सामाजिक क्षेत्रमा चलेको' (अर्याल, २०७६, पृ. १२७) भनी परिचय गराउँछन् र व्यापक नारीसमूहसम्म पुग्न आइमाई साथीको आवश्यकता देख्छन् । यहाँ पुस्तान्तरको रूप राजनीतिक दृष्टिले पनि स्पष्टता देखिन्छ । पुरानो पुस्ताको राजनीतिक सक्रियता पुरुषकेन्द्रित थियो जबकि नयाँ पुस्ताले 'पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म' (अर्याल, २०७६, पृ. १२७) परिवर्तन ल्याउन नारीसमूहलाई पनि समेट्नु पर्ने सोच विकास गरेको थियो तर यहाँ एउटा सूक्ष्म विरोधाभास के देखिन्छ भने यहाँ निबन्धकार आइमाई साथी बनाउने कुरालाई एकातिर व्यक्तिगत सद्भावनाको अभिव्यक्तिका रूपमा हेर्छन् भने अर्कोतिर राजनीतिक आवश्यकताका रूपमा विश्लेषण गर्दछन् । यो दोहोरो दृष्टिकोण नयाँ पुस्ताको राजनीतिक चेतनाको परिपक्वताको सङ्केत हो । राजनीतिक चेतनाको अग्रगामी र पश्चगामी सोचले पुस्ताका बीचमा कस्तो सङ्घर्ष स्थापित हुन्छ भने यहाँ उल्लेख गरिएको छ ।

## लैङ्गिक सोच र सामाजिक असमानता

प्रस्तुत निबन्धको अर्को गहन पक्ष भनेको लेखकको लैङ्गिक सोचको विकास हो । 'नारीलाई नरकको मूलढोका नठान्ने' (अर्याल, २०७६, पृ. १२७) वाक्यांशले पुरानो पुस्ताको ब्राह्मणवादी लैङ्गिक सोचको आलोचना गर्दछ । लेखकले 'हाम्रो समाजभरिमा सबभन्दा थोरै जना आइमाई साथी भएको लोग्नेमानिस म नै हुँ कि' (अर्याल, २०७६, पृ. १२७) भनेर आत्मसमीक्षा गर्नु नयाँ पुस्ताको लैङ्गिक चेतनाको विशिष्ट लक्षण हो । परम्परागत पुस्ताले यस्तो प्रश्न नै गर्दैनथ्यो तर लेखक आफैँले पनि 'स्वाभाविक आकर्षण' र 'उमेरदार' हुनुलाई आइमाई साथी बनाउने अभिप्रेरणा भनेर जुन कुरा लेख्छन् यसले लैङ्गिक सोचमा पुस्तान्तरको जटिलता देखाउँछ । नयाँ पुस्ताले पूरानो लैङ्गिक ढाँचाबाट पूर्णतः मुक्त हुन अझै सङ्घर्ष गरिरहेको छ । खासमा पुरुषसत्ता रहेको हाम्रो जस्तो समाजमा त्यसले सामाजिक असमानता ल्याउने जुन उदाहरण यहाँ प्रस्तुत भएको छ यो नेपाली समाजको आजको पनि समस्या हो ।

## सांस्कृतिक चिन्तन र विरोधाभास

निबन्धको सबभन्दा तीखो भाग भनेको लेखकले आफ्ना 'प्रगतिशील' साथीको व्यवहारमा देखेको विरोधाभासको वर्णन हो । 'जो आफ्नी दुलहीलाई कोठामा थुनी, ताल्चा मारी, साँचो जनैमा झुण्ड्याएर सभामा नारी-स्वतन्त्रताको महत्त्व...व्याख्या दिन जाने गर्थे' (अर्याल, २०७६, पृ. १३४) । यो पण्डितको रूपक नेपाली सांस्कृतिक जीवनमा सिद्धान्त र व्यवहारबीचको खाडलको तीखो व्यङ्ग्य हो । यो पुस्तान्तरको सांस्कृतिक रूप हो । एउटै पुस्ताभित्र नै जो बौद्धिक रूपमा आधुनिक छन्, तर व्यवहारमा परम्परागत छन् उनीहरू र जो व्यवहारमा परिवर्तन खोज्छन् उनीहरूबीचको अन्तर यहाँ देखिन्छ । पाठ्यपुस्तक जलाउने रूपकले सांस्कृतिक पाखण्डप्रति नयाँ पुस्ताको आक्रोश र उग्रआलोचनात्मक चेतनालाई व्यक्त गर्दछ । यहाँनेर निबन्धकार बढी आलोचनात्मक देखिन्छन् । पुरानो र नयाँ पुस्तका

बीचमा सङ्घर्ष त छँदैछ कतिपय नयाँ भनेका पुस्तामा पनि यो संस्कृतिक सङ्क्रमण देखिएको छ । सांस्कृतिक रूपमा यो सङ्क्रमणकालीन पुस्ताको साझा समस्या हो । जो न त नयाँको विचारको पूर्णग्रहण गर्न सक्ने न पुरानोलाई पूरै त्याग्न सक्ने स्थितिको सृजनालाई निबन्धकारले दृश्यमै देखाएका छन् । यो चिन्तनमै देखिएको पुस्तागत टकराव हो ।

## प्रगतिशीलता र यसको सीमा

निबन्धमा प्रगतिशीलताको विमर्श पुस्तान्तरको एउटा महत्त्वपूर्ण आयाम हो । लेखक आफूलाई प्रगतिशील मान्छन् र ऊनी समाजपरिवर्तनको प्रयत्नमा लागेका पनि छन् तर यहाँ पनि पुस्तान्तरको जटिलता देखिन्छ । 'रुख हुनुभन्दा अगिको विरुवालाई जोगाएर राख्नु जरुरी भए जस्तै' (अर्याल, २०७६, पृ.१२९) भन्ने उपमाले नयाँ पुस्ताले परिवर्तनको चाहना राख्दाराख्दै पनि परिस्थितिको सामना गर्दा कसरी व्यावहारिक सम्झौता गर्नुपर्ने बाध्यता उत्पन्न हुन्छ भन्ने कुरा देखाउँछ । मित्रतालाई लुकाएर 'अगि-पछि पारेर' हिँड्ने निर्णय भनेको प्रगतिशील विचार र प्रतिगामी समाजबीचको पुस्तागत सङ्घर्षमा गरिएको व्यावहारिक समाधान हो । लैङ्गिक समानताको माग, असहिष्णु समाजको भण्डाफोर, नमिल्दो सिद्धान्त र व्यवहार पर्दाफास, बीचको बुर्जुवा शिक्षाको विरोध, मित्रता अनि स्वस्थ सम्बन्धको पुनर्परिभाषा गरेर निबन्धकारले प्रगतिशील चिन्तन अगाडि सारेका छन् र अप्रगतिशील सोंचसँग टकरावको स्थिति सृजना गरेका छन् ।

## जातीयता र भौगोलिक चेतना

निबन्धमा जातीयता र भौगोलिक विविधताको उल्लेख पनि पुस्तान्तरको सन्दर्भमा महत्त्वपूर्ण छ । 'पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका मधेस, पर्वत र उपत्यका' (अर्याल, २०७६, पृ. १२७) भन्ने वाक्यांशले नयाँ पुस्ताको राष्ट्रिय एकताको चेतना झल्काउँछ । मधेसकी युवतीसँगको चिठीपत्र सम्बन्धमा उनको पिताजीले बाधा गर्ने प्रसङ्गले जातीय र क्षेत्रीय रूपमा पुस्तान्तरको फरकफरक आकार देखाउँछ । पहाडी र मधेसी समाजमा पुरानो पुस्ताको नियन्त्रण एकैनाशको छैन तर दुवैतिर नयाँ पुस्ताले स्वतन्त्र सम्बन्धको चाहना राख्छ । नेवारी भाषा सिक्ने चाहना र मधेसी महिलाको अवस्थामा चासोले पनि नयाँ पुस्ताको अन्तरजातीय सद्भावनाको सङ्केत दिन्छ । यहाँ जातीय र भूगोल चेतनाबाट निबन्धकारले सामाजिक अनि पुस्तागत द्वन्द्वलाई प्रस्तुत गरेका छन् । 'पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका मधेस, पर्वत र उपत्यकामा फिँजिएका नेपालका साधारण नारीहरूमा जागृतिको लहर ल्याउन कसरी सकिएला ?' (अर्याल, २०७६, पृ. १२७) । यो निबन्धांशमा मधेस, पहाड र उपत्यका गरी भूगोलको त्रिविभाजन गरेको देखिन्छ । 'मेचीदेखि महाकाली' भन्ने कथनले राष्ट्रिय एकताको भौगोलिक कल्पना गरिएको छ । मधेसको पहिचान र सांस्कृतिक अन्तरको अभिव्यक्ति पनि निबन्धमा छ । 'यीमध्ये एक जना छात्राले म त्यसबेला मधेसबाट आएको हुनाले मधेसका आइमाइहरूको अवस्था सोधेकी थिइन् र अर्कीले तराईमा स्त्रीशिक्षाको कत्तिको प्रचार छ भन्ने प्रश्न गरेकी थिइन् ।' (अर्याल, २०७६, पृ. १३३) । यस भनाइबाट भूगोलको भिन्नताबाट पुस्तामा देखिएको द्वन्द्वलाई उजागर गरिएको छ ।

नेवारी भाषा र जातीय-सांस्कृतिक आदानप्रदानको प्रसङ्गलाई पनि निबन्धकारले यसरी ल्याएका छन् । एकले पढाउने, अर्कोले भाषा सिकाउनेले दुई जातीय समुदायबीच समानता र पारस्परिकतामा आधारित सम्बन्धको नमुना यसरी प्रस्तुत भएको छ । 'उनीलाई चाहिँ आफूले पढाउने र उनीबाट आफूले नेवारी भाषा सिक्ने कुरा पनि गरेँ ।' (अर्याल, २०७६, पृ.१३०) । पहाडे बुद्धिजीवी र व्यवहारगत अन्तरविरोध वा द्वन्द्वलाई पनि निबन्धमा उठान गरिएको छ । 'तर, उनीहरूका घरमा धेरै पल्ट पुगियो, उनीहरूले कहिल्यै यी मेरी श्रीमती, यहाँ मेरी दिदी वा यी मेरी बहिनी हुन् भनेर चिनारी गराएनन्' (अर्याल, २०७६, पृ. १३३) । प्रस्तुत निबन्धांशमा निबन्धकारले नामोल्लेख नगरी एक विशेष वर्गका काठमाडौँ केन्द्रित बुद्धिजीवीको व्यवहारगत विरोधाभास उजागर गर्दछन् । यहाँ जातीय चेतना प्रत्यक्ष नभए पनि एक वर्गीय भौगोलिक बुद्धिजीवी र तिनको संस्कृतिको आलोचना छ जसले सिद्धान्त र व्यवहारबीचको खाडल देखाउँछ । पुस्तान्तरको सन्दर्भमा यो अंशले एक पुस्ताको नारीवादी प्रवचन र घरेलु व्यवहारबीचको पाखण्डलाई क्षेत्रीयवर्गीय आयामलाई बुझाउँछ ।

## समयचेतना र ऐतिहासिक परिप्रेक्ष्य

'समय'को प्रश्न यस निबन्धमा उठान भएको पुस्तान्तरको गहिरो आयाम हो । 'अहिले पनि र भरे पनि' भन्ने वाक्यांश नयाँ पुस्ताको भविष्यमुखी समय चेतनाको अभिव्यक्ति हो । 'समय खेर जाला' भन्ने जोखिमप्रति उनको सचेतनता भनेको पुरानो पुस्ता जसले समयलाई परम्परागत ढर्रामा व्यतीत गर्थ्यो, त्यसबाट नयाँ पुस्ताको प्रस्थान हो । बाटोमा भेटिएका क्षणिक साथीसँगको अनुभवलाई 'चिरस्मरणीय' भन्ने सोच पनि नयाँ पुस्ताको मानवीय सम्बन्धप्रतिको दृष्टिकोणमा परम्परागत पुस्ताभन्दा स्पष्ट फरक देखाउँछ । वास्तवमा पुस्ता भनेको समयबोधक शब्द हो । निबन्धमा पितृसत्तात्मक समयको चित्र प्रस्तुत गरिएको छ। फराकिलो चिन्तन भएको उदार पुस्ताको समय चेतना पनि यहाँ देखिन्छ। 'हुन त स्वास्नीमानिसलाई हेला गर्ने र पुरुषलाई प्रधानता दिने हाम्रो समाजमा जोसुकै लोग्नेमानिसको पनि स्वास्नीमान्छे साथीहरूको सङ्ख्या साह्रै कम हुन्छ...' (अर्याल, २०७६, पृ. १२७) । यस निबन्धांशले तत्कालीन समयको चेतनालाई बोधलाई स्पष्ट पारेको छ । हिजोको स्त्रीद्वेशी समय र आजको उदार बन्दै गएको समयलाई यहाँ व्यक्त गरिएको छ । यो समयचेतनाको बलियो दृष्टान्त हो । परम्परागत पुस्ता र परिवर्तनकामी पुस्ताको चित्रण इतिहास र वर्तमानको समयको बीचको समय चेतनागत सङ्घर्षसँग सम्बद्ध छ । 'हामी न्यायको माहात्म्य गाउँछौं, तर स्वयं अन्याय गर्नबाट पछि सर्दैनौं । ...हामी साम्प्रदायिकताको निन्दा गर्छौं, आर्थिक समानता र स्त्रीपुरुषको समानताको ओड लिन्छौं तर आफैं साम्प्रदायिक भावना अनुसार चल्छौं...' (अर्याल, २०७६, पृ. १३२) यस उक्तिबाट फरकफरक समयमात्र होइन एउटै समयका पुस्तामा पनि आन्तरिक द्वन्द्व विद्यमान छ भन्ने देखाएको छ । सामाजिक पाखण्ड बोकेको पुस्ता र त्यसबाट बाहिर निस्कँदै गरेको समयबोध निबन्धमा छ ।

## निष्कर्ष

श्यामप्रसाद शर्माको आइमाई साथी निबन्ध एकैसाथ एउटा व्यक्तिगत संस्मरण, सामाजिक आलोचना र सांस्कृतिक दस्तावेज बन्न सफल रचना हो । यस निबन्धको पुस्तान्तरीय विश्लेषणले के स्पष्ट

पारेको छ भने पुस्तान्तर भनेको केवल जैविक उमेरको भिन्नता नभई विचार, चेतना र व्यवहारको बहुस्तरीय भिन्नता हो । परम्पराविरुद्ध आधुनिकता, लैङ्गिक असमानता, राजनीतिक चेतना, सांस्कृतिक विरोधाभास, प्रगतिशीलताको सीमा, जातीय भौगोलिक चेतना र समयदृष्टिजस्ता आयाममा यस निबन्धले अन्तरपुस्तीय द्वन्द्वको सशक्त र सूक्ष्म चित्रण गरेको छ । म्यानहाइमको पुस्तागत चेतना, गिडेन्सको परम्पराको पुनर्मूल्याङ्कन, बोउवारको लैङ्गिक निर्माण, ग्राम्सीको सांस्कृतिक वर्चस्व, भाभाको हाइब्रिडिटी, एन्डर्सनको कल्पित समुदाय र बेन्यामिनको समयचेतनाजस्ता सैद्धान्तिक परिप्रेक्ष्यहरूले यस निबन्धको बहुआयामिक व्याख्याको सम्भावना थप विस्तृत बनाएका छन् । 'प्रगतिशील' पुरुषको सिद्धान्त र व्यवहारबीचको विरोधाभास निबन्धको सबभन्दा तीखो सांस्कृतिक आलोचना बनेको छ जुन आज पनि त्यत्तिकै प्रासङ्गिक छ । सान्दर्भिक छ । शर्माको यो निबन्ध नेपाली सामाजिक-सांस्कृतिक इतिहासको एक महत्त्वपूर्ण साहित्यिक दर्पण हो जसमा एउटा पुस्ताको सङ्क्रमणकालीन पीडा, आकाङ्क्षा र अन्तर्द्वन्द्व जीवन्त रूपमा प्रतिबिम्बित भएको छ । यस निबन्धको समकालीन समाजका लागि पनि सान्दर्भिकता रहनुले यस रचनाको कालजयी महत्त्व पुष्टि गर्दछ ।

## सन्दर्भग्रन्थसूची

अधिकारी, कृष्णराज (ई. २०२२). 'नयाँ सांस्कृतिक खोजः 'तँ-तिमी, तपाइँ-हजुर' *समकालीन साहित्य,* https://www.samakalinsahitya.com/sahitya/details/7596.

अर्याल, भैरव (सम्पा.), (२०७६). *साझा निबन्ध* (नवौं संस्क.). ललितपुरः साझा प्रकाशन ।

लुइटेल, कल्पना (ई. २०२२). 'लोग्नेमानिस र स्वास्नीमानिस निबन्धमा लैङ्गिक अध्ययन' *Interdisciplinary Journal of Management and Social Sciences*, *3*(1), 178–187. https://doi.org/10.3126/ijmss.v3i1.50246.

Anthony Giddens, *Modernity and Self-Identity: Self and Society in the Late Modern Age* (Cambridge: Polity Press, 1991), pp. 35–69.

Antonio Gramsci, *Selections from the Prison Notebooks*, ed. and trans. Quintin Hoare and Geoffrey Nowell Smith (New York: International Publishers, 1971), pp. 5–14.

Benedict Anderson, *Imagined Communities: Reflections on the Origin and Spread of Nationalism* (London: Verso, 1983), pp. 6–7.

Homi K. Bhabha, *The Location of Culture* (London: Routledge, 1994), pp. 85–92.

Karl Mannheim, "The Problem of Generations," in *Essays on the Sociology of Knowledge* (London: Routledge & Kegan Paul, 1952), pp. 276–322.

Simone de Beauvoir, *The Second Sex*, trans. H.M. Parshley (New York: Vintage Books, 1989), pp. 267–285.

Walter Benjamin, "Theses on the Philosophy of History," in *Illuminations*, ed. Hannah Arendt, trans. Harry Zohn (New York: Schocken Books, 1969), pp. 253–264.